(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वास्थ्य स्वयंसेवीकाहरु ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यबस्था गरि बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

(५) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधीले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

(६) प्रत्येक ५ वर्षमा स्वास्थ्य आमा समुह र वडा समितीको सिफारिस ६० वर्षका उमेर सम्म आफनो सेवाप्रदान गर्न सक्ने छन् । सिफारिस नभएमा स्वत: पदमुक्त हुनेछ ।

१८. स्वास्थ्यकर्मीको सेवा सुविधा:

(१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय गाउँ/नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मी: प्रचलित तलब स्केल र दुई पक्षबीचको समभ्रुदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति: सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नेपाल सरकारले निर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्वन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी – संयोजक

(ख) गाउँपालिकाको अधिकृत कर्मचारी – सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(३) छनोट निर्देशिका कार्यपालिका वाट स्वीकृत भएवमोजिम हुनेछ ।

(४)छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५)सम्वन्धित बिषयका विज्ञ लाई आमन्त्रण गर्न सकिने छ ।

२०. कर्मचारी सरुवा: स्थायी स्वास्थ्यकर्मीको हकमा नेपाल निजामति ऐन, नियमावली अनुसार सरुवा हुनेछ ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष